**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०७५।१०।०९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला मकवानपुर हेटौंडा उप महानगरपालिका-४ बस्ने बर्ष ३० को अब्दुल्ला देवान र जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. १२ बस्ने बर्ष ३७ को नवराज थापा समेतले आफ्नो चौपाया व्यवसायको काम सहज गरिदिने प्रयोजनको लागि भनी ईलाका प्रहरी कार्यालय कोहलपुर बाँकेका प्रहरीलाई घुस रिसवत दिन खोज्दा रु.५०,०००।- (पचास हजार) घुस बापतको रकम सहित निजहरुलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज चौपाया व्यवसायीहरु अब्दुल्ला देवान र नवराज थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (३) को उपदफा (३) बमोजिमको कसुर गरेको देखिन आएकोले निजहरुलाई जनही बिगो रु.५०,०००।- (पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय तथा उक्त बरामद भई आएको रकम प्रमाणमा लगाई सो रकम जफत हुन समेत मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता